




राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २२ ❑ अङ्क १५२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ असार १ गते मंगलबार ❑ 15 June 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-


## कोरोना नियन्त्रण र व्यवस्थापन हुने गरी नीति तथा कार्यक्रम प्रस्तुत

### कार्यकर्तामुखि कार्यक्रम आएको प्रतिपक्षको आरोप

**पोखरापत्र संवाददाता**
**पोखरा, ३१ जेठ**

गण्डकी प्रदेश सरकारले नयाँ सरकार गठनको तेश्रो दिनमै निती तथा कार्यक्रम ल्याएको छ। असार १ गते बजेट ल्याउनु पर्ने कानूनि प्रावधान भएकोले प्रदेश सरकारले हतार हतारमा सोमबार नीति तथा कार्यक्रम ल्याएको हो।




गण्डकी प्रदेश सभा बैठकमा प्रदेश प्रमुख सिता कुमारी पौडेलले सोमबार नीति तथा कार्यक्रम प्रस्तुत गरेकी हुन्। यस बर्षको निती तथा कार्यक्रम कोरोना रोकथाम, उपचार र व्यवस्थापनमा केन्द्रित हुने गरी सार्वजनिक भएको छ। प्रदेश प्रमुख पौडेलले कोरोना राहत प्याकेज सहितको १ सय ८१ बुंदे निती तथा कार्यक्रम सदनमा प्रस्तुत गरेकी हुन्।

कोभिड-१९ को विरुद्ध खोपको व्यवस्थापन गर्नुका साथै महामारीबाट बच्न सावधानीका लागि सचेतना, संक्रमण परीक्षण, संघ र स्थानीय तहबाट गरिने कार्यक्रममा सबलीकरण, समन्वय र सहयोग गरिने भएको छ भने कोभिड-१९ संक्रमितको उपचारलाई प्रभावकारी बनाउन अत्यावश्यक स्वास्थ्य उपकरण, सामग्री तथा औषधिको व्यवस्था गरिने भएको उक्त कार्यक्रममा उल्लेख गरिएको छ। त्यसै गरी कोभिड-१९ को संक्रमणका कारण बाबु वा आमा गुमाएका बालबालिकाहरुलाई नगद राहतको व्यवस्था गरिने भएको छ भने कोभिड-१९ को संक्रमणका कारण जीवन गुमाएका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी लगायतका आम नागरिकका परिवारलाई नगद राहत उपलब्ध गराइने उल्लेख गरिएको छ।

कोभिड-१९ को महामारीको नियन्त्रणका लागि अग्रपंक्तिमा रही उत्कृष्ट सेवा प्रदान गर्ने स्वास्थ्य कर्मीहरुलाई 'कोरोना फ्रन्टीयर सर्वोत्कृष्ट सेवा पुरस्कार' को व्यवस्था गरिने, नेपाल सरकारसँगको सहकार्यमा संक्रामक तथा सरुवा रोग अस्पताल भवन निर्माण तथा अन्य स्वास्थ्य पूर्वाधार तयार गरी प्रदेश संक्रामक तथा सरुवा रोग अस्पताललाई सबै प्रकारका सरुवा रोगको उपचार गर्ने नमूना अस्पताल को रुपमा विकास गरिने भएको निती तथा कार्यक्रममा उल्लेख गरिएको छ।

कोभिड-१९ ले पर्यटन, यातायात, कृषि, उत्पादन तथा सेवा क्षेत्रमा पारेको प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्दै उत्पादन तथा रोजगारी अभिवृद्धि गर्न उद्यमी तथा व्यवसायीहरुलाई निर्वाव्याजी कर्जा उपलब्ध गराउन संचालित व्यवसाय जीवन रक्षा कर्जा कार्यक्रमलाई निरन्तरता दिइने भएको छ। जुन कोषमा अघिल्लो बर्ष एक अर्ब बजेट विनियोजन भएको थियो। त्यसै गरी एयर लिफ्टिङ सेवालाई निरन्तरता दिइने भएको छ भने स्थानीय तहसँगको साझेदारीमा गर्भवती र सुत्केरीको घर घरमा दक्ष स्वास्थ्यकर्मी सेवा बिस्तार गरिने, पूर्ण खोपयुक्त प्रदेशलाई दिगो राख्न सबै बालबालिकालाई खोप सेवा कार्यक्रम प्रभावकारी बनाउने, बालबालिका, किशोरी र महिलाहरुको पोषण स्थितिमा सुधार ल्याउन नेपाल सरकार र स्थानीय तहसँगको साझेदारीमा सञ्चालित बहुक्षेत्रीय पोषण सुधार कार्यक्रम सबै स्थानीय तहमा बिस्तार गनिरे भएको छ।

प्रदेश सरकार अन्तर्गत सञ्चालित अस्पतालहरुमा विद्युतीय स्वास्थ्य अभिलेख प्रणाली र स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीसुधार गरी स्वास्थ्य सेवाको सुदृढीकरण गरिने भएको छ भने गण्डकी स्वाथ्य बिज्ञान प्रतिष्ठानमा मुटु, मृगौला र क्यान्सर रोगको उपचार गर्ने व्यवस्था गरिने कार्यक्रममा उल्लखे गरिएको छ।

पूँजीगत खर्चमा लक्ष्य अनुसार प्रगति हासिल गर्नका लागि समयमै निर्धारित लक्ष्य र बजेट अनुसार कार्यसम्पन्न गर्ने निर्माण व्यवसायी र कर्मचारीलाई प्रोत्साहन गर्ने, सार्वजनिक खर्चलाई मितव्ययी एवं नतिजामुखी बनाउन मापदण्ड तयार गरी कार्यान्वयन गर्ने, प्रदेश विपद् व्यवस्थापन कोषमा रकम वृद्धि गर्ने, ।प्रदेश आपतकालीन कार्य सञ्चालन केन्द्रको सुदृढीकरण गर्ने भएको निती तथा कार्यक्रममा समेटिएको छ। प्रदेश प्रहरी गठन गरी संगठन संरचना तयार गरिने, प्रदेश अनुसन्धान ब्युरोको गठन तथा परिचालन सम्बन्धी कानून तर्जुमा गरी प्रदेश अनुसन्धान ब्युरो स्थापना गर्ने, लोकतान्त्रिक आन्दोलन तथा जनयुद्धका द्वन्द्वपीडित व्यक्ति तथा परिवारका लागि राहत कार्यक्रम अन्तर्गत द्वन्द्वपीडितहरुको जीविकोपार्जनमा सुधार गर्ने सीपमूलक तालिम कार्यक्रमलाई निरन्तरता दिइने भएको छ।

राष्ट्रिय र प्रादेशिक लोकमार्गबाट सबै स्थानीय तहको केन्द्र जोड्ने सडकलाई आगामी दुई वर्षभित्र स्तरोन्नति गरी कालोपत्रे गर्ने, प्रादेशिक लोकमार्ग, स्थानीय तहको केन्द्र जोड्ने सडक र अन्य सडकमा पर्ने नदी र खोलामा

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## पूर्वमुख्यमन्त्रीको सुविधा खर्च बढाउन नभई कानून बनाएर व्यवस्थित गर्न- प्रदेश सरकार

**पोखरापत्र संवाददाता**
**पोखरा, ३१ जेठ**

गण्डकी प्रदेशका मन्त्री एवं सरकारका प्रवक्ता कुमार खड्काले सरकारले पूर्वमुख्यमन्त्रीहरूको सुविधा थपेर खर्च बढाउन नभई कानून बनाएर व्यवस्थित गर्न खोजेको स्पष्ट पारेका छन्।

मुख्यमन्त्रीमा नेपाली कांग्रेसका कृष्णचन्द्र नेपाली पोखरेल नियुक्त भएपछि आइतबार बसेको मन्त्रिपरिषद्को पहिलो बैठकले पूर्वमुख्यमन्त्रीको सुविधा थपेर आर्थिक बढाउन नखोजिएको उनले स्पष्ट गरे। सुविधा थपेर आर्थिक भार बढाउन खोजिएको भन्ने विभिन्न सामाजिक सञ्जालमा प्रतिक्रिया आएपछि उनले भने, "जहाँसम्म नागरिकको चासो छ, हामी उहाँहरूको सम्मान गर्छौं।" प्रदेशमा बनेका हालसम्मका कानूनमा पूर्व मुख्यमन्त्रीका बारेमा कहींकतै उल्लेख नभएकाले मर्यादाक्रम, सुरक्षा व्यवस्थालगायत विषयलाई कानून बनाएर व्यवस्थित बनाउन खोजिएको प्रवक्ता खड्काले जानकारी दिए।

बैठकमा प्रदेशसभाका पदाधिकारीको सेवा सुविधासम्बन्धी ऐनले प्रमुख प्रतिपक्षी दलका नेताको सेवा सुविधाको बारेमा प्रष्ट उल्लेख गरेको बताउँदै प्रवक्ता खड्काले भने, "उहाँले त्यहीअनुसार सुविधा पाउनुहुन्छ, आम नागरिकले व्यक्त गर्नुभएजस्तो यस्तो महामारीका बेला खर्च बढाउने निर्णय गरेको होइन।" देशमा प्रदेश सरकारको अभ्यास भर्खरै शुरु भएकाले धेरै विषय संस्थागत भइनसकेको र भर्खरैमात्र पृथ्वीसुब्बा गुरुङ निवर्तमान भएपछि बल्ल पूर्वमुख्यमन्त्रीको सुविधा र सम्मानको प्रसङ्ग आएको उनले बताए। कोरोना नियन्त्रण र खोपको व्यवस्थापन नै सरकारको प्राथमिकतामा रहने बताउँदै उनले खर्च बढ्ने गरी कुनै निर्णय नगरेको उल्लेख गरे।

गण्डकी प्रदेश सरकारको सोमबार प्रस्तुत हुने नीति तथा कार्यक्रम र लगत्तै आउने बजेटमा पनि नागरिकका आवश्यकतालाई नै प्राथमिकतमा राख्ने उनले जानकारी दिए।

## एसइईको नतिजा असार २० भित्र आन्तरिक मूल्याङ्कन पठाउन विद्यालयलाई निर्देशन

**रासस**
**काठमाडौं, ३१ जेठ**

माध्यमिक शिक्षा परीक्षा (एसइई) मा सहभागी हुन आवेदन दिने विद्यार्थीको असार २० गतेभित्र आन्तरिक मूल्याङ्नका सबै कार्य पूरा गरी जिल्ला समन्वय एकाइ कार्यालयमा पठाइसक्नुपर्ने भएको छ।

राष्ट्रिय परीक्षा बोर्डले विद्यार्थीको मूल्याङ्नका लागि आवश्यक पर्ने कार्यविधि आइतबार पारित गर्दै असार २० गतेसम्ममा सबै विद्यालयले आफ्ना विद्यार्थीको आन्तरिक मूल्याङ्कन गरी पठाउने समयसीमा निर्धारण गरेको बोर्डका अध्यक्ष प्रा चन्द्रमणि पौडेलले जानकारी दिए। विद्यालयले पठाएको आन्तरिक मूल्याङ्कन र जिल्लाका सबै विद्यार्थीको अभिलेख रुजु गरी असार मसान्तभित्र समन्वय समितिले राष्ट्रिय परीक्षा बोर्डमा पठाइसक्नुपर्ने भएको छ। असार अन्तिमसम्ममा सबै जिल्लाबाट अभिलेख आए त्यसको १५ दिनभित्र एसइईको अन्तिम नतिजा प्रकाशन गर्ने र प्रमाणपत्र जारीलगायतको काम बोर्डले गर्ने भएको छ। कुनै अवरोध नभए बोर्डले एसइईको नतिजा आगामी साउन १५ भित्र पूरा सार्वजनिक गर्न सक्ने र भदौदेखि कक्षा ११ को पढाइ शुरु गर्न सक्ने गर्ने गरी बोर्डले नतिजा प्रकाशनको तयारी गरेको जनाएको छ। बोर्डले विद्यार्थीको आन्तरिक मूल्याङ्न

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## मन्त्री गुरुङलाई कारवाही गर्न राखेपको माग

**पोखरापत्र संवाददाता**
**पोखरा, ३१ जेठ**

राष्ट्रिय खेलकुद परिषद (राखेप)ले गण्डकी प्रदेशका नवनियुक्त भौतिक पूर्वाधारमन्त्री राजीव गुरुङलाई कारवाहीको माग गरेको छ।

राखेपले सोमबार विज्ञप्ति जारी गर्दै प्रदेशमन्त्री गुरुङले राखेप सदस्य सचिव रमेशकुमार सिलवाल र सदस्य राजेश गुरुङका विषयमा अमर्यादित तथा अशोभनीय र लाञ्छनायुक्त एवं निन्दनीय अभिव्यक्ति दिएको जनाई कारवाहीको माग गरेको हो।

खेलकूदको विकास र विस्तारमा अनवरत परिषद्का सदस्य सचिव सिलवाल र सदस्य गुरुङबारे मन्त्री गुरुङको अभिव्यक्तिले सम्पूर्ण खेल जगत्को अपमान भएको राखेपका निमित्त सदस्य सचिव पुरेन्द्रविक्रम लाखेले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

समाजले पचाउन नसक्ने खालका अभिव्यक्ति एउटा जनप्रतिनिधि तथा मन्त्रीबाट बाहिर आउनु खेदजनक रहेको विज्ञप्तिमा उल्लेख छ।

## प्रदेशसभासद् थापा पदमुक्त

**पोखरापत्र संवाददाता**
**पोखरा, ३१ जेठ**

सर्वोच्च अदालतले गण्डकी प्रदेशसभा सदस्य कृष्ण थापाको पुनर्बहाली गर्न दिएको यसअघिको अन्तरिम आदेश खारेज गरेको छ।

न्यायाधीश विश्वभरप्रसाद श्रेष्ठ र डा कुमार रेग्मीका संयुक्त इजलासले उक्त आदेश खारेज गरेको हो। सो आदेशसँगै राष्ट्रिय जनमोर्चा नेपालबाट निर्वाचित थापा पदमुक्त भएका छन्। जनमोर्चाले सभासद् नै नरहने गरी आफूलाई कानूनविपरीत कारवाही गरेको जनाई पुनः बहाली गर्न थापाले अदालतमा रिट निवेदन दायर गर्नुभएको थियो।

अदालतले यसअघि यही जेठ २३ गते थापालाई पुनर्बहाली गर्न दिएको अन्तरिम आदेश खारेज गरेको हो। अदालतले विवादको औचित्य नै समाप्त भएको जनाई सोमबार अन्तरिम आदेश खारेज खारेज गरिदिएको हो।

"अदालतबाट जारी भएको अन्तरिम आदेशपश्चात् परिस्थितिमा परिवर्तन भई हाल निवेदक कृष्ण थापा गण्डकी प्रदेशसभा सदस्यबाट हटिसकेको भन्ने तथ्यमा विवाद देखिएन", आदेशमा भनिएको छ, "यस अवस्थामा निवेदक कृष्ण थापालाई गण्डकी प्रदेशसभा सदस्यको हैसियतमा काम गर्न भनी यस अदालतबाट यही जेठ २३ जारी भएको अन्तरिम आदेश निरन्तरता नदिई निवेदन खारेज गरिएको छ।"

यसअघि न्यायाधीश डा कुमार चुडालको एकल इजलासले थापालाई पदमुक्त गर्ने निर्णयको कार्यान्वयन गर्न अन्तरिम आदेश जारी गरेको थियो। सो आदेश सोमबार खारेज भएको हो।

## स्वास्थ्यलाई प्राथमिकता दिएर बजेट ल्याउन कांग्रेसका जिल्ला सभापतिहरुको माग

**पोखरापत्र संवाददाता**
**पोखरा, ३१ जेठ**

गण्डकी प्रदेश अन्तर्गत रहेका नेपाली काँग्रेसका आठ जिल्लाले स्वास्थ्य क्षेत्रलाई मुख्य प्राथमिकता दिएर आगामी आर्थिक वर्षको बजेट ल्याउन माग गरेका छन्। गण्डकी प्रदेशका आठ जिल्लाका सभापति र सचिवहरुले सोमबार गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेललाई सामूहिक रुपमा भेटेर त्यस्तो माग गरेका कास्की काँग्रेसका प्रवक्ता नवीन सिग्देलले बताए। 'अहिलेको मुख्य प्राथमिकता कोभिड विरुद्धको खोप हो, खोपलाई प्राथमिकतामा राख्न अनुरोध गर्दछौं, जिल्ला सभापतिहरुको भनाई उदृत गर्दै प्रवक्ता सिग्देलले भने- 'खोपसँगै कोभिड प्रभावित क्षेत्रलाई महत्व दिन जिल्ला सभापतिहरुले अनुरोध गर्नुभएको छ।' कास्की काँग्रेसका सभापति कृष्ण केसीले सुशासन, विपत् व्यवस्थापन, कोरोना संक्रमित, संक्रमित परिवार र प्रभावित क्षेत्रलाई राहत हुने गरी बजेट ल्याउन आग्रह गरे।



तनहुँ नेपाली काँग्रेसका सभापति बैकुण्ठ न्यौपानेले संविधान, संघीयता र विकासलाई मुख्य प्राथमिकता दिन आग्रह गरे। सभापतिहरुले पूर्व मुख्यमन्त्रीलाई सुविधा दिने निर्णयप्रति ध्यानाकर्षण गराएपछि मुख्यमन्त्री पोखरेलले त्यस विषयमा कुनै निर्णय नभएको स्पष्ट पारे। पूर्व मुख्यमन्त्रीको सुविधाको विषयमा बाहिर आएको कुरामा सत्यता छैन, मुख्यमन्त्री पोखरेलले भने।

त्यसक्रममा नेपाली काँग्रेस लमजुङका सभापति भेष बहादुर पौडेल, म्याग्दीका सभापति खमवीर गर्बुजा, स्याङ्जाका सभापति कुमार राना, बाग्लुङका सभापति दिपेन्द्र बहादुर थापा, नवलपुर सभापति विष्णु लामिछाने र गोखरका सचिव नन्दु न्यौपानले विभिन्न सुझाव दिएका थिए। उनीहरुले सामूहिक रुपमा मुख्यमन्त्री पोखरेललाई बधाई ज्ञापन पनि गरेका थिए।




# फेवाबजारले होम डेलिभरी सेवा संचालनमा ल्याउने

**पोखरापत्र संवाददाता**
**पोखरा, ३१ जेठ**

ग्राहकको निःशुल्क कोरोना विमा गरेर चर्चामा आएको फेवाबजार डटकम ईकमर्सले असार १ गतेदेखि निःशुल्क होम डेलिभरी सेवा पुनः सञ्चालन गर्ने भएको छ।

विषम परिस्थितिमा पनि होम डेलिभरी सेवा दिएको फेवाबजारले सरकारले लगाएको निषेधाज्ञाका कारण बन्द गरेको सो सेवा असार १ गतेदेखी पुनः सञ्चालनमा ल्याउन लागेको फेवाबजार डटकमका कार्यकारी निर्देशक सुजन आचार्यले जानकारी दिए। 'निषेधाज्ञाका कारण स्थगित गरिएको होम डेलिभरी सेवा यहि असार १ गतेदेखि देशैभरबाट सञ्चालनमा ल्याउँदैछौँ'-उनले भने । पोखरामा मुख्य कार्यालय, काठमाडौंमा कर्पोरेट कार्यालय तथा भक्तपुर, ललितपुर, पोखरा, दमौली, डुम्रे, बागलुङ, लेखनाथलगायत १३ वटा आउटलेटहरुबाट देशैभर चौबिसै घण्टा निरन्तर सेवा दिइने उनले जानकारी दिए।

फेवाबजारबाट सामान खरिद गर्न फेवा बजारको एप डाउनलोड गरी सेवा लिन सकिने तथा ई-सेवा र खल्तीबाट भुक्तानी गर्न सकिने उनले जानकारी दिए । कोरोनाले गर्दा जनजीवनमासमेत गम्भीर असर परेकाले यस समयमा फेवाबजारले विभिन्न बैंकसँगको सहकार्यमा सहायता योजना अन्तर्गत क्रेडिट सुविधा दिने आचार्यले बताए। उनका अनुसार ग्राहकलाई बिना धितो शुल्य प्रतिशत ब्याजमा क्रेडिट सुविधा दिइने उनले बताए।

फेवाबजार डटकम ईकमर्सले नेपालमा पाइने विभिन्न ब्राण्डका खाद्यान्न, ईलेक्ट्रोनिक्स, इलेक्ट्रिकल्स, क्लोथिङ एण्ड फेसन, किचन एण्ड डाइनिङ, स्पोर्टस् एण्ड आउटडुअर्स, फर्निचर एण्ड डेकोरेसन, कला, साहित्यका पुस्तकलगायतका सामानहरु बिक्री गर्ने गर्दछ । फेवाबजारमा किस्ताबन्दी (ईएमआई)मार्फत २० हजारदेखि पाँच लाख सम्मका सामाग्री खरिद गर्न सकिन्छ।

हरेक महिना विशेष अफरको समयभित्र फेवाबजारले विभिन्न सामानमा ५० प्रतिशतसम्म छुटका साथै अन्य विभिन्न अफरहरु दिने गरेको छ। फेवाबजारले कमाएको नाफाको केहि प्रतिशतबाट युवा स्वरोजगार र देशको सामाजिक आर्थिक विकासमा सहयोग गर्दै आएको छ।

# एसइईको ...

गर्न मुख्य विषय शिक्षकहरूलाई जिम्मेवार बनाउँदै विद्यालयका प्रधानाध्यापक, वरिष्ठ शिक्षक, अङ्ग्रेजी, गणित र विज्ञान शिक्षक गरी पाँच जना सम्मिलित पाँच सदस्यीय समिति बनाएर उनीहरूले गरेको हस्ताक्षरसहितको अन्तिम मूल्याङ्कनलाई आधार मानेर नतिजा सार्वजनिक गर्ने भएको छ।

गत वर्ष प्रधानाध्यापक एक्लैले गरेको र जथाभावी नम्बर हालेर पठाएको गुनासो आएपछि यस पटक पाँच सदस्यीय समिति बनाउने निर्णय गरेको हो । विद्यार्थीको अत्यधिक मूल्याङ्कन गरिए कारण खोल्नुपर्ने प्रावधान बोर्डले राखेको छ। त्यसमा सहमत हुन नसकिएको अवस्थामा उक्त मूल्याङ्कनलाई फिर्ता गर्न सक्ने प्रावधान परीक्षासम्बन्धी कार्यविधिमा राखिएको बोर्डले जनाएको छ।

# भारतीय पेन्सन क्याम्पद्वारा सफाई मेसिन सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, ३१ जेठ**




भारतीय पेन्सन क्याम्प पोखराले पोखरा महानगरपालिका कोभिड अस्पताललाई सफाई मेसिन सहयोग हस्ताण्तरण गरेको छ।

सफाई मेसिन हस्ताण्तरण गर्दै भारतीय पेन्सन क्याम्प पोखराका प्रमुख लेप्टेन्ट कर्णेल शशांक त्रिपाठीले पोखेलीहरुको लागि आकस्मिक सेव ागर्न आवश्यक वाशिङ्ग मेसिन उपलब्ध गराउन पाउँदा खुशि लागेको बताए । प्रमुख त्रिपाठीले नेपाल-भारत सम्बन्ध सुखदुखको साथी जस्तो भएकोले पोखराको लागि आवश्यक पर्ने सामाग्री सहयोग गर्न सकारात्मक भूमिका खेल्ने बताए।

सहयोग सामाग्री बुझ्दै पोखरा महानगरपालिकाका प्रमुख मानबहादुर जिसिले नेपाल भारतको अन्तरसम्बन्धमा थप महत्व बढेको बताए।

प्रमुख जिसिले सरकारले सहयोग गरेमा नगरवासीका लागि कोभिड भ्याक्सिन उपलब्ध गराउन सकिने र सो का लागि पेन्सन क्याम्प मार्फत आवश्यक सहयोग गर्न समेत अनुरोध गरेका छन्। कोरोना महामारीको दोश्रो लहर फैलिसँगै कोभिड उपचारका साथ आकस्मिक संक्रमण रोग उपचारका लागी साविक लेखनाथ नगरपालिकामा अस्पताल सुरुवात गरिएको भन्दै अस्पताल सञ्चालनमा सबैको सहयोग सहभागिता आवश्यक रहेको स्वास्थ्य प्रमुख हेमन्त शर्मालि बताए। प्राप्त सहयोगले अस्पतालको सफाई व्यवस्थापनमा महत्वपूर्ण सहयोग हुने प्रमुख शर्माले बताए।

# कोरोना ...

सडकपुल तथा पुलेसा निर्माण कार्यलाई निरन्तरता दिदै ठूला नदीमा नवीन प्रविधिको प्रयोग गर्दै सडक पुल निर्माण गर्ने कार्यलाई निरन्तरता दिने भएको प्रदेश प्रमुखले बताइन् । प्रदेशको प्राथमिकतामा रहेका भीमाद-डेढगाउँ-अरुणखोला सडक, शालिग्राम करिडोर, रूइला भन्ज्याङ-साम्दो-ल्हो-प्रोक-विही-सिर्दिबास सडक, डुम्रे बेंशीसहर मनाङ सडक आयोजनालाई नेपाल सरकारसँगको सहकार्यमा निरन्तरता दिने। उत्तरदक्षिण द्रुतमार्ग कोरोला-पोखरा-दुम्कीवास हुँदै त्रिवेणीको निर्माण कार्यलाई निरन्तरता दिइने, दमौलीबाट बुद्धसिंह मार्ग हुँदै त्रिवेणी जोड्ने सडक निर्माणको कार्य अगाडि बढाउने, सिद्धार्थ राजमार्गको स्तरवृद्धि गर्न नेपाल सरकार र लुम्बिनी प्रदेश सरकारसँग सहकार्य गरिनेछ। पृथ्वी राजमार्गको पोखरा मुग्लिन खण्डको स्तरवृद्धि गर्ने, मध्यपहाडी लोकमार्गको निर्माण हुन बाँकी खण्ड सम्पन्न गर्ने, कालिगण्डकी करिडोरको स्तरवृद्धि गर्ने कार्यक्रममा सहजीकरण गर्ने भएको प्रदेशको निती तथा कार्यक्रममा उल्लेख छ।

गण्डकी प्रदेशलाई नेपालको मुख्य पर्यटन केन्द्रविन्दु र पोखरालाई नेपालको पर्यटकीय राजधानीको रुपमा विकास गर्ने कार्यलाई निरन्तरता दिदै प्रदेश पर्यटन गुरुयोजनाको पुनरावलोकन गर्ने,पोखरा-काठमाडौं-लुम्बिनीलाई गौतमबुद्ध स्वर्णिम त्रिकोणको रुपमा विकास गर्न नेपाल सरकार र अन्तर प्रदेश सरकारको सहकार्यलाई निरन्तरता दिइने, त्रिवेणी, देवघाट, केलादीघाट, राम्दीघाट, रुद्रवेणी, शालिग्राम, बागलुङ कालिका, पञ्चकोट, बराह, गलेश्वर, मुक्तिनाथ, दामोदरकुण्ड, विन्ध्यवासिनी पोखरा, करापुटार, व्यास दमौली, छिम्केश्वरी, गोरखकाली, मनकामना जोड्ने धार्मिक परिपथ विकास गरिने भएको छ।

विश्व शान्ति जैविक विविधता उद्यान, विश्वशान्ति स्तूप, पुम्दी/भुम्दीकोट, भञ्ज्याङ हुँदै भदौरेसम्म जैविक तथा पर्यटकीय पदमार्ग निर्माण कार्य अगाडि बढाइने, मनास्लु र अन्नपूर्ण संरक्षण क्षेत्र तथा ढोरपाटन शिकार आरक्षमा प्रकृतिमा आधारित पर्यटन व्यवसायलाई प्रवर्द्धन गर्ने, गुणस्तरीय पर्यटनमा जोड दिई आन्तरिक पर्यटन प्रवर्द्धन गरिन भएको छ भने विदा पर्यटन कार्यक्रमलाई निरन्तरता दिइन भएका छ।

नेपाल सरकार र पोखरा महानगरपालिकासँगको सहकार्यमा रामसारमा सूचीकृत फेवाताल लगायतका तालहरुको गुरुयोजना निर्माण गरी योजनावद्ध रुपमा संरक्षण र सौन्दर्यीकरण गर्ने कार्यलाई निरन्तरता दिने, शुद्ध पिउने पानी, जलीय स्वच्छता र वातावरणीय सेवा प्रवाहको सुनिश्चितता गर्न एकीकृत जलाधार व्यवस्थापन कार्यलाई निरन्तरता दिने, प्रदेशमा रहेका जैविक विविधता र उच्च हिमालमा रहेका पवित्र पारिस्थितिकीय भूदृश्यमा वातावरणीय अध्ययन बिना गरिने भौतिक विकास निर्माणको कार्यलाई निरुत्साहित गरिने भएको कार्यक्रममा उल्लेख गरिएको छ । आम सञ्चार माध्यमहरुलाई लोककल्याणकारी विज्ञापन मार्फत व्यावसायिक बनाउन प्रोत्साहन गरिने, सञ्चारकर्मीको क्षमता विकास गरिने, आम सञ्चार नीति निर्माण गरी कार्यान्वयनमा ल्याइने, सार्वजनिक सेवा प्रवाहमा नागरिकको सरल र सहज पहुँच वृद्धि गर्न आधुनिक सूचना प्रविधिको प्रयोग वृद्धि गर्ने सार्वजनिक प्रशासन पारदर्शी, जवाफदेही, नागरिकमैत्री तथा भ्रष्टाचारमुक्त बनाइने भएको छ । यसैबिच, प्रदेश प्रमुख पौडेललाई नेपाल प्रहरीले सलामी समेत दिएको थियो । गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल सहितको टोलीले उनलाई फुलको गुच्छाले स्वागत गरेका थिए।

प्रदेशका निवर्तमान मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले नयाँ सरकारले आफुहरुले तयार पारेको निती तथा कार्यक्रममा थप १२ वटा नयाँ योजनाहरु मात्र थपेको बताए । प्रदेश सरकारका निवर्तमान प्रवक्ता एवं भौतिक पुर्वाधार तथा योजना निवर्तमान मन्त्री रामशरण बस्नेतले प्रायः अधिकांश निती तथा कार्यक्रमहरु आफुहरुले तयार पारेकै आधारमा आएको बताए।

उनले भने "यो सरकारले एउटा नयाँ कुरा थपेको छ, कोरोना राहत नगद प्याकेज, हाम्रो प्रदेशमा जुन रुपमा पूर्वाधार विकासका कामहरु भईरहेका थिए, अब यस्ता राहत नगद, तालिम र गोष्ठीमा खर्च गर्‍यौं भने पूर्वाधारका क्षेत्रहरु ओझेलमा पर्छन जनताले कुनै सेवा सुविधा पाउदैनन् ।" बजेट आउदै गरेकोले थप यसको बारेमा कस्तो बजेट आउछ त्यस पछि अनय कुरा भन्न सकिने उनले जनाए । आफुहरुले तयार पारेको निती तथा कार्यक्रम मध्य केही कुरा छुटेको समेत बताएका निवर्तमान मन्त्री बस्नेतले हाता हाति दिने कार्यकर्ता मुखि बजेट आएको आरोप लगाए।

# घ्यू तथा खानेतेलमा अत्याधिक मूल्यवृद्धि

**रासस**
**काठमाडौं, ३१ जेठ**

घ्यू तथा खानेतेलमा अत्याधिक मात्रामा मूल्यवृद्धि भएको पाइएको छ। नेपाल राष्ट्र बैंकले सोमबार सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थितिमा चालु आर्थिक वर्षको १० महिनामा घ्यू तथा तेलमा २८.२० प्रतिशतले मूल्यवृद्धि भएको उल्लेख छ।

बैंकका अनुसार २०७७ को वैशाखको तुलनामा गत वैशाखमा मासु तथा माछामा १७.१२ प्रतिशत , गैर-मदिराजन्य पेय पदार्थमा ९.८५ प्रतिशत र सुर्तीजन्य पदार्थमा ९.८४ प्रतिशतले मूल्यवृद्धि भएको उल्लेख छ । यस्तै, वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ३.६५ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ५.८३ प्रतिशत रहेको थियो। समीक्षा महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ४.७२ प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति २.८१ प्रतिशत रहेको छ। सो अवधिमा महिनामा काठमाडौं उपत्यकामा ३.६२ प्रतिशत, तराईमा ३.५१ प्रतिशत, पहाडमा ४.१४ प्रतिशत र हिमालमा १.३३ प्रतिशत मुद्रास्फीति रहेको छ।

थोक मुद्रास्फीतितर्फ गत वैशाखमा ८.०५ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ५.१६ प्रतिशत रहेको थियो । सो अवधिमा उपभोग्य वस्तु, मध्यवर्ती वस्तु र पुँजीगत वस्तुको थोक मूल्यवृद्धि क्रमशः ७.८० प्रतिशत, ८.९८ प्रतिशत र ३.६२ प्रतिशत रहेको छ। यस्तै, निर्माण सामग्रीको थोक मूल्यवृद्धि ८.४४ प्रतिशत रहेको छ।

# कांग्रेसको थप क्रियाशील सदस्यता विवरण सार्वजनिक

**रासस**
**काठमाडौं, ३१ जेठ**

नेपाली कांग्रेसको केन्द्रीय क्रियाशील सदस्यता छानबिन समितिले सोमबार थप ३३ जिल्लाका ६५ स्थानको क्रियाशील सदस्यता नामावली पार्टीको वेबसाइट www.nepalicongress.org मार्फत सार्वजनिक गरेको छ।

समितिको यही जेठ २९ गतेको निर्णयअनुसार आवश्यक प्रक्रिया पूरा गरेका क्रियाशील सदस्यताका लागि प्रस्ताव गरिएका थप नामावली सार्वजनिक गरिएको समिति सचिव केशव रिजालले जानकारी दिए। कांग्रेसले यसअघि १०१ स्थानका क्रियाशील सदस्यता विवरण सार्वजनिक गरी सकेको छ।

सोमबार सार्वजनिक गरिएका र यसअघि सार्वजनिक गरिएका नामावलीउपर कुनै उजूरी, गुनासा वा सुझाव भएमा समितिमा उजूरी तथा गुनासो पठाउन सकिने व्यवस्था गरिएको उनले बताए । आगामी असार ६ गतेपछि प्राप्त भएका उजूरीउपर कुनै सुनुवाइ नहुने पार्टी कार्यालयले जनाएको छ। सार्वजनिक गरिएका प्रस्तावित नामावलीमा कुनै त्रुटि भएको भए वा छुट भएको भए नयाँ सदस्यतातर्फ प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिले र नवीकरण तर्फका जिल्ला कार्यसमितिले स्पष्ट आधार र प्रमाणसहित त्रुटि सच्याउन वा नाम समावेश गराउन असार ६ गतेभित्र नै लेखी पठाउनुपर्ने व्यवस्था गरिएको छ।

सार्वजनिक गरिएका सबै जिल्ला र क्षेत्रले आफूअन्तर्गतका वडा, पालिका, प्रदेशसभा क्षेत्र, प्रतिनिधिसभा क्षेत्र र जिल्ला कार्यसमितिको निर्णय प्रतिलिपि तथा आवश्यक विवरण एक हप्ताभित्र अनिवार्यरूपमा केन्द्रीय कार्यालयमा पठाउन कांग्रेसले निर्देशन दिएको छ।

# अपाङ्गता भएका परिवारलाई सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, ३१ जेठ**



पोखरा महानगरपालिका- १७ रातोपैह्रास्थित अपाङ्गता भएको परिवारलाई सहयोग जुट्ने क्रम जारी रहेको छ। सो परिवारलाई स्वदेश तथा विदेशमा रहेका नेपालीबाट आर्थिक सहयोग जुटेको हो।

अपाङ्गतासहित सात जनाको सो परिवारलाई सोमबार स्वदेश तथा रोजगारीको शिलशिलामा विदेशमा रहनु हुने मनकारी व्यक्तिबाट ३० हजार रुपैया नगद सहयोग प्राप्त भएको छ। गत साता राससबाट 'रोगभन्दा भोकको चिन्ता' शीर्षकमा समाचार प्रकाशन भएपछि स्याङ्जाको पुतलीबजार घर भई हाल अमेरिकामा बस्ने राजेन्द्र गुरुङले रु.१० हजार, शिवकुमार रानाभाट (सुन्दर) जापानबाट नौ हजार ७५५, पोखरा १७ छोरेपाटनका सन्तोष गुरुङबाट पाँच हजार २४५, नरेन गुरुङले दुई हजार मेखबहादुर थापाबाट तीन हजार सहयोग गर्नुभएको थियो। पुतलीबजार नगरपालिका-७ स्थित भारकोट शान्ति स्तुपा गाउँ समाजका साधारण सदस्यद्वय सन्तोष गुरुङ र मेखबहादुर थापाले सहयोगदाताबाट संकलित रकम उक्त रकम परिवारका सदस्य मनमाया थापामगरलाई हस्तान्तरण गरे । अन्तराष्ट्रिय पर्वतीय संग्रहालयको नजिक सेतीनदीको डिलमा आफन्तको जग्गामा जस्ताले छायको एउटा कोठामा नवोल्ने, हिँडडुल समेत गर्न नसक्ने, खाना खुवाईदिनु पर्ने र शौचालय समेत बोकेर लैजानुपर्ने अवस्थाका १८ वर्षीय अपाङ्गता पूर्णबहादुर थापासहितको सात जना छन्।

काठमाडौंमा जन्मेर छ महिनाको हुँदा पोखरा लिएर आउनुभएका बुबा आमा समेतको निधन भईसकेकोले आफन्त र पैत्रिक सम्पत्तिका बारेमा समेत केही जानकारी नभएको कारण अहिलेसम्म आफ्नो नाममा एक इञ्चि पनि जमिन नभएको सो परिवारका अभिभाव ५५ बर्षीय लक्ष्मु थापामगरले दुःखेसो सुनाए।

# बागलुङमा पाँचौ पटक निषेधाज्ञा जारी


**रासस**
**बागलुङ, ३१ जेठ**

बागलुङमा पाँचौं पटक निषेधाज्ञा जारी गरिएको छ । जिल्लामा असार ७ गते सम्मका लागि निषेधाज्ञा जारी गरिएको हो।

कोरोना सङ्क्रमणको दर नघटेपछि कोरोना सङ्कट व्यवस्थापन (डिसिसिएसी)को आइतबार बसेको बैठकले थप एक साता निषेधाज्ञा जारी गर्ने निर्णय गरेको हो।

निषेधाज्ञामा बैंक तथा वित्तीय संस्था हप्तामा चार दिन आइतबार, मङ्गलबार, बुधबार र शुक्रबार बिहान ७ बजेदेखि १० बजेसम्म खुल्ने प्रमुख जिल्ला अधिकारी शिवकुमार कार्कीले जानकारी दिए । निषेधाज्ञामा अति आवश्यक सेवा खाद्यान्न, तरकारी, दूध, औषधि, दाना ढुवानी तथा एम्बुलेन्स सेवा कृषि तथा पशु उत्पादन मल, बीउबिजनबाहेकका सेवाहरू बन्द गरिने भएको छ।

कोरोनाको सङ्क्रमण तीव्ररूपमा बढेपछि गत वैशाख २१ गतेदेखि निषेधाज्ञा जारी गरिएको थियो । सङ्क्रमण दरमा कमी नआएपछि (डिसिसिएमसी) ले जेठ एक गतेदेखि १५ गते, त्यसपछि जेठ २२ गतेसम्म, त्यसपछि पुनः जेठ मसान्त सम्म निषेधाज्ञा थप गरेको थियो।


कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरूषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आम्दानी भन्दा खर्च बढी गरे कुवेर पनि गरीब हुन्छ ।

–चाणक्य

## सम्पादकीय

# मनसुन शुरुआत

नेपालमा मनसुन शुरु भएको छ। विगतमा मनसुन शुरु भएको भनेर मौसम अनुमान विभागले भनेको हप्ता दस दिन पछि वर्षा हुने गर्दथ्यो। यसपटक भने अनुभुती हुने गरि मनसुन शुरु भएको छ। मनसुन शुरु हुने घोषणा हुनु अघि बर्षा भएको हुँदा मनसुन शुरु भएपछि पानी नपर्ने हो कि भन्ने आशंका हटेको छ। अनुमान अहिले मिल्न थालेको छ। मनसुन शुरु भएकोले खेतीपाती पनि शुरु भएको छ। लगातार वर्षा भएकोले धान रोपाइँ पनि हुन थालेको छ। पानी पर्न थालेपछि मुल फुट्न थाल्छ। नेपालमा सामान्यतः १० जुनदेखि २३ सेप्टेम्बर करिब चार महिनाको मनसुनी अवधिमा आठ सय पाँच मिलिमिटर वर्षा हुन्छ जुन नेपालमा बर्सने पानीको करिब ८० प्रतिशत हो।

मौसमले सम्पूर्ण प्राणी, वनस्पति तथा वातावरणमाथि सरोकार राख्छ। विगतमा आमसरोकार नहुने मौसम अनुमान अब भने आमचासोको विषय बन्दैछ । कुनै जमाना मौसम अनुमान मौसमविद्हरूको प्राज्ञिक ज्ञानमा सीमित थियो। क्रमशः यो हवाई उड्यनको क्षेत्रमा अन्तरसम्बन्धित हुँदै हरेक मानवको जीवन र क्रियाकलापसँग सम्बन्धित घटना हुनपुगेको छ। खेतीकिसानी, यात्रा, विकास-निर्माणका हरेक कार्यमा मौसम पूर्वानुमानको महत्त्व बढेको छ। नेपालले हवाई उड्यनका लागि सुरु गरेको मौसम पूर्वानुमान समाजका हरेक क्षेत्रका लागि महत्वपूर्ण हुँदै आउनुमा यिनै कारण अन्तरनिहित छन्। वि.सं. २०२५ पुस १ गतेबाट सुरु गरिएको मौसम पूर्वानुमानसम्बन्धी जानकारी पछिल्ला वर्ष भरपर्दो हुँदै आएकाले आमनागरिकमा यसप्रति विश्वास पनि वृद्धि भएको छ। कृषकहरूका लागि बाली लगाउने, गोडमेल र थन्क्याउने प्रयोजनका लागि मौसम अनुमान महत्त्वपूर्ण हुने गरेको छ। मनसुनको समयमा हुने जनधनको क्षति न्यूनीकरण गर्न मौसम पूर्वानुमानको महत्त्व हुनेगर्छ।

हरेक वर्ष विश्व मौसम सङ्गठनको नेतृत्वमा दक्षिण एसिया क्षेत्रका मौसमविद्को साझा मञ्चले मनसुनसम्बन्धी पूर्वानुमान तयार गर्छ। नेपालमा पनि विगतको तुलनामा आधुनिक प्रविधि तथा विधिबाट मौसम पूर्वानुमान गर्ने गरिएको छ, जसले नागरिकलाई यस अवधिमा सतर्कता अपनाउन सहज भएको छ। सार्वजनिक जीवनमा पनि मनसुनको ठूलो प्रभाव रहने भएकाले यसबारेमा सबै नागरिकलाई सचेत र जानकार बनाउनुपर्ने देखिन्छ। जल तथा मौसम विज्ञान विभागले मनसुनको आगमनसँगै बाढी, पहिरो तथा डुबानको जोखिमप्रति सजग रहन सर्वसाधारणलाई आग्रह गरेको छ। यस वर्षको मनसुन गत केही वर्षका भन्दा सक्रिय हुनसक्ने अनुमान गर्दै विभागले उच्च सतर्कता अपनाउन गरेको आग्रहलाई आम नागरिकले होसियारीपूर्वक पालना गरे सम्भावित क्षति न्यूनीकरण गर्न सकिने छ। मनसुन सक्रियतासँगै ठूला तथा मझौला नदीमा जलप्रवाह बढ्ने, साना नदीनाला तथा खहरे खोलामा आकस्मिक बाढी आई सर्वसाधारणको जीवन कष्टकर बनाउने मात्र होइन कतिपय अवस्थामा जनधनको क्षति हुने भएकाले मौसम पूर्वानुमानलाई सर्वसाधारणको पहुँच र सरोकारको विषय बनाउनु आवश्यक देखिन्छ।

मौसम पूर्वानुमानका जानकारीलाई अझ वैज्ञानिक र यथार्थपरक बनाउन सकिए बाढीपहिरो, डुबान, आँधीहुरी, असिना, तापक्रम, हिमपातका घटनालाई पहिला नै प्रक्षेपण गरी बालीमा हुने नोक्सानी घटाउन सकिनेछ। मौसम पूर्वानुमानसम्बद्ध निकायलाई आधुनिक उपकरण, विधि, प्रविधियुक्त बनाएर मनसुन, मौसम तथा बाढीसम्बन्धी सूचनालाई भरपर्दो बनाउन सकिनेछ। विभागबाट सम्प्रेषण हुँदै आएका यस्ता जानकारीलाई पूर्ण वैज्ञानिक तथा भरपर्दो बनाउन सकिए मनसुन वा यसले निम्त्याउने प्रकृति प्रकोपबारे किसानमात्र होइन आमनागरिक पूर्वजानकार भई सुरक्षाका विधि अवलम्बन गर्न सक्नेछन्। मौसमजन्य प्रकोपबाट हुने जनधनको क्षति न्यूनीकरण गर्न मौसम पूर्वानुमान तथा बाढी भविष्यवाणी प्रणालीलाई सुदृढ बनाउनु पर्नेछ। अधिक हुने पूर्वानुमानलाई ध्यानमा राखी सम्भावित बाढी पहिरोको जोखिमबाट बच्न थप सतर्कता अपनाउन आवश्यक देखिन्छ। गृह मन्त्रालयले आफ्ना मातहतका सबै निकाय र संयन्त्रलाई सचेत पार्ने र सावधानी अपनाउन निर्देशन दिएको छासबै प्रदेश र स्थानीय सरकारले पनि तदनुकुलको योजना बनाउन जरुरी छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : ब्यापारमा लाभ |
| वृष | : मन चञ्चल | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : शारिरीक झमेला |
| कर्कट | : मानसिक तनाब | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : झमेला बढ्ने |
| कन्या | : कार्यमा सफलता | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।


# विश्व रक्तदाता दिवस : ११ जिल्लामा रक्तदान

**रासस**

**काठमाडौं, ३१ जेठ**

विश्व रक्तदाता दिवसका अवसरमा मानव अधिकार तथा शान्ति समाजका आयोजनामा ११ जिल्लामा रक्तदान कार्यक्रम सम्पन्न भएको छ।

नयाँ भेरियन्टसहितको कोभिड कहरका कारण सिर्जित असहज परिस्थितिमा रगतको अभाव हुन नदिनका लागि समाजले आवश्यक सावधानीसहित रक्तदान कार्यक्रम आयोजना गरेको हो। प्रत्येक वर्ष १४ जुनमा विश्व रक्तदाता दिवस मनाइन्छ। गोकर्णेश्वर नगरपालिका-७ दक्षिण ढोकास्थित शान्ति बाटिकामा काठमाडौं शाखाले आयोजना गरेको कार्यक्रममा २७ जनाले रक्तदान गर्नुभएको थियो। नवलपरासी वर्दघाट सुस्ता पश्चिम शाखाद्वारा बर्दघाटमा आयोजित कार्यक्रममा शाखा सभापति सन्तोष अधिकारी क्षेत्रीसहित १८ जनाले र सिरहा शाखाद्वारा लाहानमा आयोजित रक्तदान कार्यक्रममा शाखा सचिव इन्द्रनारायण चौधरी र सदस्य पानालाल दाससहित १५ जनाले रक्तदान गर्नुभएको थियो।

रौतहट शाखाद्वारा चन्द्रपुरमा आयोजित रक्तदान कार्यक्रममा केन्द्रीय सदस्य गणेश पौडेलसहित १६ जनाले रक्तदान गर्नुभयो। नुवाकोट शाखाद्वारा विदुरमा आयोजित रक्तदान कार्यक्रममा शाखा सभापति नारायण श्रेष्ठसहित आठ जनाले रक्तदान गर्नुभएको थियो। यसैगरी सुर्खेत शाखाद्वारा वीरेन्द्रनगरमा आयोजित रक्तदान कार्यक्रममा डा रेखा रेग्मीसहित २० जनाले र चितवन शाखाद्वारा रक्तदाता दिवसकै अवसरमा आयोजित कार्यक्रममा छ जनाले रक्तदान गर्नुभएको थियो। ललितपुर शाखा र एकता बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको आयोजनामा ललितपुरको नखिपोटमा आयोजित रक्तदान कार्यक्रममा ८४ जनाले रक्तदान गर्नुभएको थियो। रुपन्देही शाखा र नेपाल स्वयंसेवी रक्तदाता समाज रुपन्देहीको आयोजनामा रुपन्देहीको वुटवलमा सम्पन्न रक्तदान कार्यक्रममा केन्द्रीय सचिव मीना ढकाल, शाखा सदस्य कृष्णप्रसाद पाण्डेसहित २४ जनाले रक्तदान गर्नुभएको थियो। कपिलवस्तु शाखा र नेपाल रेडक्रस सोसाइटी वाणगङ्गा उपशाखाको संयुक्त आयोजनामा वाणगङ्गामा सम्पन्न रक्तदान कार्यक्रममा ४१ ले रक्तदान गर्नुभएको थियो।

पर्सा शाखा र युवा समाज वीरगञ्जको आयोजनामा वीरगञ्जमा सम्पन्न रक्तदान कार्यक्रम समाजका सभापति प्रेम पटेल, उप सभापति जिनुमाया मानन्धर, सचिव सुनिन्द्र ठाकुर, सदस्य मृतुञ्जय वर्णवाल, बिमल अग्रवाल लगायत ५२ जनाले रक्तदान गर्नुभयो। दाङ शाखाले लामो समयदेखि रक्तदान गर्दै आएका ब्यक्ति र सङ्घ संस्थाको सहभागितामा रक्तदान जीवनदान विषयक भर्चुअल अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ।

# संस्कृतको पुनर्जागरण हुनुपर्छ : वरिष्ठ नेता पौडेल

**रासस**

**काठमाडौं, ३१ जेठ**

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले अमृत भाषाका रुपमा रहेको संस्कृतको पुनर्जागरण गरिनुपर्नेमा जोड दिनुभएको छ।

प्रदर्शनीमार्गस्थित वाल्मीकि विद्यापीठको ७० औं वार्षिकोत्सवका अवसरमा आज जुम प्रविधिबाट आयोजित कार्यक्रममा उहाँले संस्कृत मासिने भाषा नभएको बताउनुभयो। ज्योतिष, आयुर्वेद, दर्शनजस्ता ज्ञान, विज्ञान रहेकाले संस्कृत विश्वकै धनी भाषामध्येमा पर्ने पूर्व सभामुखसमेत रहनुभएको पौडेलले सुनाउनुभयो। संस्कृत भाषाकै पृष्ठभूमिमा नेपाली भाषा परिष्कृत भएकाले राजनीतिकै कारण यसलाई बिगार्नु नहुने विद्यापीठका पूर्व विद्यार्थीसमेत रहनुभएका पौडेलले बताउनुभयो। "यही क्षेत्रमा समर्पित हुने संयोजकको आवश्यकता छ, राजनीतिक क्षेत्रबाट सहयोग गर्ने काम हामी गर्छौं, संस्कृतको पुनर्जागरण गर्न लागिपर्नुपर्छ, निराशा छोडेर आशावादी बनौं, जयतु संस्कृतम् बाट लोकतन्त्र स्थापना भएको छ, संस्कृतका विद्वानमा एकताको भावना आवश्यकता छ, गुरु सत्यका पक्षधर बन्नुपर्छ", उहाँले भन्नुभयो। विसं २०२० देखि २०२४ सालसम्म आफूले तत्कालीन संस्कृत महाविद्यालयबाट संस्कृत साहित्यमा शास्त्री उत्तीर्ण गरेको नेता पौडेलले सुनाउनुभयो। "मलाई राजनीतिमा स्थिर हुन संस्कृत पृष्ठभूमिले साथ दिएको छ, संस्कृत र यसका विद्वानप्रति कृतज्ञ छु", उहाँले भन्नुभयो। पूर्वसांसद एवं नेपाली काँग्रेसका केन्द्रीय सदस्य बद्री पाण्डेले प्राज्ञिक चेतनाको कोणबाट वाल्मीकि विद्यापीठलाई सम्झनुपर्ने बताउनुभयो। चाणक्यले भारतवर्षमा चेतनाका माध्यमबाट एकता कायम गरेको उहाँको भनाइ थियो। विद्यापीठमा छिरेपछि राजनीतिक विचारको वाहकभन्दा पनि पूर्वीय संस्कृतिको वाहकका रुपमा सोचेर काम गर्नुपर्ने उहाँले बताउनुभयो।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पो.ले.म.न.पा. वडा नं. १३ स्थित काहुँखोला भाट समाजको सामुदायिक भवन निमार्ण गर्दा निम्न अनुसारको खर्च तथा आम्दानी भएको सरोकारवालाको जानकारीको लागि यो सार्वजनिक सुचना प्रकाशित गरिएको छ।**

**योजनाको नाम : काँहुखोला भाट समाज घर निर्माण**

**उपभोक्ता समितिको नामः काँहुखोला भाट समाज घर निर्माण समिति**

**योजनाको कुल लागत : ७,०५,२२०/२३**

**सम्झौता मिति : २०७७/०६/२३ गते**

**योजना शुरु मिति : २०७७/०६/२५ गते**

**योजना सम्पन्न मिति : २०७७/१२/३० गते**

**महानगरपालिकाबाट : ३,५०,०००/-**

**उपभोक्ताबाट : ३,५०,०००/-**

हरिबहादुर रानाभाट

अध्यक्ष

**काँहुखोला भाट समाज घर निर्माण उपभोक्ता समिति**

**पोखरा-१३, कास्की**


# बाल श्रम अन्त्य गर्न सबैको भूमिका जरुरी

**पोखरापत्र संवाददाता**

**पोखरा, ३१ जेठ**

बालश्रम विरुद्धको विश्व दिवसको अवसरमा आयोजित कार्यक्रममा बाल श्रम अन्त्यको लागि नीति कार्यक्रम र बजेटको निर्माण र प्रभावकारी कार्यान्वयन हुनुपर्नेमा गण्डकी प्रदेशका सरोकारवालाले जोड दिनुभएका थिए।

बालश्रम उन्मूलनको लागि अन्तर्राष्ट्रिय वर्ष २०२१ को सन्दर्भ तथा बाल श्रम विरुद्ध विश्व दिवस जुन १२ को अवसरमा 'अहिल्यै काम थालौं, बाल श्रमको अन्त्य गरौं' भन्ने नाराका साथ आयोजित गण्डकी प्रदेशमा बाल श्रमको अवस्था र बालिकाको सवाल विषयक संवाद कार्यक्रममा सहभागीहरुले गरिबी, अशिक्षा, संचेतनाको कमी, पारिवारिक संरक्षणको अभाव, घरेलु हिंसा, पारिवारिक बेमेल र भएका नीति, कार्यक्रम र बजेटको प्रभावकारी कार्यान्वयनको अभावले गर्दा बालश्रम मुक्त नारामा मात्र सिमित भएको सरोकारवालाले बताएका छन्। जागृति बाल तथा युवा सरोकार नेपाल, राष्ट्रिय बाल संरक्षण सञ्जाल, बालिका अधिकारका लागि राष्ट्रिय सञ्जाल र एन.ए.सि.जि.को संयुक्त आयोजना, क्यानालानको सहयोग तथा कन्सोर्टियम, सिजोप, लायन्सक्लव अफ काठमाडौं चाइल्ड राईट्स, सामाजिक सुरक्षा नागरिक समाज सञ्जाल, बालमैत्री स्थानीय शासन राष्ट्रिय मञ्च लगायत बालबालिकाका क्षेत्रमा क्रियाशील सञ्जालहरूको सहकार्यमा १०० जना भन्दा बढि सरोकारवालाको सहभागितामा सम्पन्न यस कार्यक्रमको स्वागत र औचित्यता माथि प्रकाश पार्दै बाल अधिकार तथा युवा अधिकारकर्मी तिलोत्तम पौडेलले अध्यक्षता गर्नुभएको थियो भने कन्सोर्टियमका प्रदेश संयोजक तथा सिजोपका सदस्य दिपक शर्माले कार्यक्रमको सञ्चालन गर्नु भएको थियो।

संवादमा गण्डकी प्रदेशमा बालश्रमको अवस्था र त्यसमा पनि बालिकाहरूका सवालमा प्रस्तुतीकरण गर्दै बालमैत्री स्थानीय शासन राष्ट्रिय मञ्चकी सदस्य अधिवक्ता कुन्जनी परियार प्यासीले स्थानीय तहबाट बालश्रम मुक्तको अभियान सुरु निरन्तरता दिनुपर्ने बताउँदै नेपालको संविधानको धारा ४३ को सामाजिक सुरक्षाको हक अन्तर्गत बालश्रममा परेका बालबालिकालाई उद्धार गरी उनीहरुको आर्थिक तथा सामाजिक विकासका लागि सामाजिक सुरक्षाको छुट्टै व्यवस्था गर्नु जरुरी रहेको बताउनु भएको थियो।

नवलपरासी कावासोतीकी साथी शिक्षिका किशोरी आशा वि.क.ले बालश्रमलाई न्यूनीकरण गर्न सरकारले विपन्न परिवारलाई आर्थिक शैक्षिक सहयोग गर्नुपर्ने बताउँदै बालश्रम भित्र पनि बालिका तथा किशोरीहरु झन बढी पीडित र प्रभावित हुने गरेकोले थप ध्यान दिन जरुरी भएको बताएकी थिईन्। कार्यक्रममा गैरसरकारी संस्था महासंघका महासचिव रामप्रसाद सुवेदी, गण्डकी प्रदेश अध्यक्ष विना सिलवाल, इन्सेकका शिव खकुरेल, बालबालिका प्रतिनिधि सुस्मिता भण्डारी, निर्देश सुवेदी स्थानीय तहका बालमैत्री प्रतिनिधि विद्या पौडेल, एन.ए.सि.जि.की अध्यक्ष बेनुमाया गुरुङले बालश्रम अन्त्यका लागि नागरिक संघसंगठन र राज्यले गरेका प्रयास र खेल्नुपर्ने भुमिकाको विषयमा बोल्नु भएको थियो। कार्यक्रममा गण्डकी प्रदेश श्रम तथा रोजगार कार्यालयका छन्द नारायण श्रेष्ठले प्रदेशबाट बालश्रम अन्त्यका लागि गरेका पहल बारे जानाकारी गराउँदै विगतको तुलनामा सबैको साझा प्रयासमा बालश्रम न्यूनीकरण हुँदै गएको बताउँदै राज्य नागरिक संघसंगठन सञ्जाल सबै मिलेर काम गर्नुपर्ने कुरामा जोड दिएका थिए।

नेपालको संविधान २०७२ मा मौलिक हकको धारा ३९ (४) ले बालबालिकालाई खानी, कलकारखाना तथा जोखिमपूर्ण श्रममा लगाउन नपाईने, धारा ५१ राज्यका नीति अर्न्तगत बालश्रम लगायत सबै श्रमका शोषण अन्त्यका साथैश्रम र रोजगार सम्बन्धी नीति अर्न्तगत बालश्रम लगायत श्रम शोषणका सबै रूपको अन्त्य गर्ने प्रतिबद्धता गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले वडा समितिको काम, कर्तव्य र अधिकार अर्न्तगत कमलरी प्रथा तथा बालश्रमलाई अन्त्य गर्ने, गराउने भनि व्याख्या गरिएको छ। वर्तमान कोभिड-१९ महामारीमा धेरै परिवारका सदस्यहरु रोजगार विहीन हुदाँ बालश्रम वृद्धिको सम्भावना पनि बढेको छ।

यसमा बालिकाहरु झनै जोखिममा परेको बताउँदै सोको लागि निजि क्षेत्र, नागरिक संघसंगठन र राज्यको बीचमा साझेदारी गरी बालश्रम अन्त्यका लागि अहिल्यैबाट काम थाल्नु पर्नेमा जोड दिएको आयोजक संस्था बालिका अधिकारका लागि राष्ट्रिय सञ्जालका संयोजक तथा जागृति बाल तथा युवा सरोकार नेपालका अध्यक्ष तिलोत्तम पौडेलले बताउनु भएको थियो।

# नेपाललाई अल्पविकसित राष्ट्रबाट स्तरोन्नति गर्ने प्रस्ताव पेश हुने

**–मधुकर अधिकारी**

**वासिङ्टन, ३१ जेठ (रासस)**

नेपालले अल्पविकसित देशको सूचीबाट स्तरोन्नति भई मध्यमस्तरको विकासशील देशका रूपमा सूचीकृत हुने मापदण्ड पूरा गरेको छ।

यससम्बन्धी अन्तिम प्रस्ताव संयुक्त राष्ट्रसङ्घको आगामी महासभाबाट पारित गर्ने तयारी रहेको छ। उक्त प्रस्ताव अनुमोदन गर्नका लागि राष्ट्रसङ्घीय आर्थिक तथा सामाजिक परिषद्ले आगामी महासभामा पेश गर्न सैद्धान्तिक सहमतिसमेत प्रदान गरिसकेको छ। यस पटकको राष्ट्रसङ्घको महासभा सेप्टेम्बर महिनामा बस्दैछ। न्यूयोर्कस्थित संयुक्त राष्ट्रसङ्घका लागि नेपालका स्थायी नियोग प्रमुख अमृत राईका अनुसार संयुक्त राष्ट्रसङ्घको आर्थिक तथा सामाजिक परिषद्को हालै न्यूयोर्कमा सम्पन्न बैठकले समेत नेपाललाई कम आय भएको मुलुकबाट मध्यमस्तरको आय भएको मुलुकका रूपमा स्तरोन्नति गर्न नेपाल सक्षम भएको सिफारिस गर्दै आगामी महासभामा अनुमोदनका लागि पेश गर्न लागेको छ। "हामीले स्तरोन्नतिका लागि तय गरिएका तीन मापदण्डमध्ये दुई मापदण्ड सन् २०१५ र सन् २०१८ मा पूरा गरिसकेका थियौं, यसले नेपाललाई स्तरोन्नतिका लागि मार्ग प्रशस्त गरेको थियो", स्थायी प्रतिनिधि राईले रासससँग भन्नुभयो, "त्यो बेला हामीले प्राकृतिक विपत्तिको सामना गर्नुपरेकाले स्तरोन्नति हुने विषयलाई थाँती राख्न अनुरोध गरेका थियौं। अब अहिले यो अनुमोदन हुने चरणमा प्रवेश गरेको छ।" राष्ट्रसङ्घले तोकेका तीन मापदण्ड- कूल राष्ट्रिय आयमा प्रतिव्यक्ति आम्दानी, मानव सम्पत्ति सूचकाङ्क र आर्थिक तथा वातावरणीय जोखिम सूचकाङ्कमध्ये दुई मापदण्ड पूरा गरेकाले नेपाल योग्य देशको सूचीमा रहेको हो। नेपाललाई स्तरोन्नति दिने निर्णय अनुमोदन गरेपछि सङ्क्रमणकालीन व्यवस्थापनका लागि थप कार्ययोजना बनाउन तीन वर्षको समय चाहिनेमा कोरोना भाइरसका कारणले उत्पन्न जटिल परिस्थितिमा नेपाल सरकारको अनुरोधमा थप दुई वर्ष गरी आगामी सन् २०२६ सम्मलाई तोकिएको छ। यसका लागि गत फागुन महिनामा नै 'विकासका लागि नीति' नामको राष्ट्रसङ्घीय समितिले नेपाल सक्षम भएको भन्दै सिफारिससमेत गरेको थियो।

नेपालले स्तरोन्नतिपश्चात् सामना गर्नुपर्ने चुनौतीहरूको रणनीति तय गर्नेछ। आगामी तीन वर्षसम्म अध्ययन गरी त्यसका लागि आवश्यक पर्ने बजेटसमेत तर्जुमा गर्नुपर्ने हुन्छ। खासमा अतिकम विकसति राष्ट्रको हैसियतले अन्तर्राष्ट्रिय सहायता समूहले प्रदान गर्ने विभिन्न अनुदान तथा सहायता कार्यक्रम कटौती हुने तथा निर्यातजन्य व्यापारमा थप करको भार वहन गर्नुपर्ने भएकाले अन्तर्राष्ट्रिय बजारमा नेपालको प्रतिस्पर्धी क्षमता कमजोर हुनेलगायतका चुनौतीहरू रहेकाले आवश्यक रणनीति तय गर्नुपर्ने हुन्छ। यसका लागि राष्ट्रिय योजना आयोगमा एक संयन्त्र निर्माण गरी काम गर्ने नेपालको तयारी रहेको छ।

राष्ट्रसङ्घमा नेपाल विगत ५० वर्षदेखि अल्पविकसित देशको सूचीमा सूचीकृत मुलुकका रूपमा रहेको थियो। सन् १९७१ मा नेपाल कम विकसित मुलुकका रूपमा सूचीकृत भएको थियो।

# जर्मनीले चार अर्ब ८० करोड अनुदान दिने

**रासस**

**काठमाडौं, ३१ जेठ**

सङ्घीय गणतन्त्र जर्मनीले नेपाल सरकारलाई वित्तीय तथा प्राविधिक सहयोगस्वरुप रु चार अर्ब ८० करोडभन्दा बढी अनुदान प्रदान गर्ने प्रतिबद्धता व्यक्त गरेको छ।

नेपाल र जर्मनीबीच जारी द्विपक्षीय सहयोगअन्तर्गत आगामी सन् २०२३ सम्म प्राविधिक सहयोग तथा सन् २०२५ सम्म वित्तीय सहायतालाई निरन्तरता दिन जर्मन सरकारले अनुदानस्वरुप उक्त रकम उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरेको हो।

नेपालका लागि जर्मनीका राजदूत रोल्यान्ड सेफेर र अर्थ मन्त्रालयका सहसचिव श्रीकृष्ण नेपालले आज अनुदान सहायतासम्बन्धी समझदारीपत्रमा हस्ताक्षर गर्नुभएको यहाँस्थित जर्मनीको राजदूतावासले जनाएको छ।

नेपालका मध्य तथा सुदूरपश्चिमाञ्चल क्षेत्रमा ऊर्जा तथा नवीकरणीय ऊर्जा, दिगो आर्थिक विकास र स्वास्थ्य क्षेत्रका लागि उक्त रकम प्रदान गरिने दूतावासले जनाएको छ।

# मनसुनजन्य विपद् : जोखिम पहिचान गरी मुलुक प्रतिकार्यमा केन्द्रित

–नारायण ढुङ्गाना
काठमाडौं, ३१ जेठ (रासस)

नेपालमा वर्षायाम भित्रिएसँगै विगतको अनेभवको आधारमा मनसुनजन्य विपद्को जोखिम क्षेत्र पहिचान गरी प्रभावकारी प्रतिकार्य योजना बनाएर लागू गरिएको छ । मुलुक नै अहिले जोखिम न्यूनीकरण र प्रतिकार्य योजनामा केन्द्रित भएको छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार कतिपय जिल्लामा वडास्तरीय रुपमै पहिराको जोखिम पहिचान गरी क्षति न्यूनीकरणका तयारी थालिएको छ । यसपालि बढी पानी पर्ने पूर्वानुमानसँगै मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना २०७८ निर्माण गरिएको र स्थानीय तह, प्रदेश सरकार तथा सम्बद्ध सङ्घसंस्थासँगको समन्वयमा आवश्यक तयारी थालिसकिएको छ। प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेल गत सालको अनुभवको आधारमा समीक्षा गर्दै आगामी दिनका पूर्वतयारीका कार्यक्रम अपनाइएको बताउनुहुन्छ।"विगतमा बाढीको पूर्वतयारी राम्रो भए पनि पहिराको पूर्वतयारी प्रभावकारी नभएको पाइयो, चाहिने स्रोतसाधन जिल्लामा पुगेको पाइएन", पोखरेलले भन्नुभयो, "अब त्यसलाई विशेष ध्यान दिएर तयारीका काम थालेका छौं ।" बाढीमा जसरी पूर्वसूचना प्रणाली छ, अहिले पहिरोका लागि पनि पूर्वसूचना प्रणाली नमूनाका रूपमा नौ जिल्लामा लागू गर्न लागिएको उहाँले बताउनुभयो।

गत वर्ष अप्रत्यासित रूपमा आएको मनसुनजन्य विपद्बाट ४०० बढी मानिसको मृत्यु भएको थियो । एक हजार १०० बढी परिवार प्रत्यक्ष प्रभावित भएका थिए । पहिरो मात्रै ४०० भन्दा बढी खसेको थियो । गत साल कतिपय क्षेत्रमा हेलिप्याडको व्यवस्था समेत नभएको अबस्थामा नेपालका सबै वडामा हेलिप्याड व्यवस्थापनमा समेत जोड दिइएको छ। विगतकै अनुभवको आधारमा अन्य उद्धार सामग्रीको व्यवस्थापनका लागि आधारभूत काम गरिएको छ। प्राधिकरणका अनुसार क्षति भएकाको हकमा विगत लामो प्रयासबाट पुनःनिर्माण र पुनःस्थापनाका कार्यक्रम तत्कालै शुरु गर्न सक्ने भएको छ। तथ्याङ्क विश्लेषणको आधारमा कसरी पूर्वतयारी गर्न सकिन्छ भनेर अन्तरक्रिया र छलफल चलाएर सुझाव समेत लिइएको छ।

राहत तथा उद्धार सामग्री ठाउँठाउँमा पुऱ्याउन र तयारीमा लाग्न प्रधानमन्त्री केपी शर्मा ओली र गृहमन्त्री खगराज अधिकारीबाट स्पष्ट निर्देशन आएकाले सोहीअनुसार तयारीमा जुटेको पोखरेल सुनाउनुहुन्छ। सरकारबाट कुनै पनि काममा ढिला नहोस् भनेर सम्बद्ध निकायलाई निर्देशन गएको छ । सबै विपद्जन्य घटना सम्बोधनका लागि एकीकृत कार्यविधि बनाउने प्रक्रियामा अघि बढेको समेत उहाँले जानकारी दिनुभयो। बजेटको अभावमा कुनै पनि काम प्रभावित नहुने समेत उहाँले स्पष्ट पार्नुभयो । विपद्मा उद्धार राहत गर्नुपर्ने अबस्थामा आवश्यक व्यवस्थापकीय सामग्री भण्डारण, बाढी र कोभिड तथा पहिरो र कोभिडको जोखिम कस्तो छ ? कुनकुन जिल्लामा कस्तो प्रभाव पर्न सक्छ भन्ने छुट्याएर सरोकारवालासँगको समन्वयमा प्रतिकार्य योजना तयार पारेको प्राधिकरणका सहसचिव विश्वप्रकाश अर्यालले जानकारी दिनुभयो।

नेपालमा पहाडी जिल्ला पहिरो र तराईका जिल्ला बाढीबाट बढी प्रभावित छन् । हिमाली क्षेत्र हिउँ पहिरो र हिमपातबाट प्रभावित हुन्छ। नेपालमा भिरालो जमीन, कमजोर भौगोलिक अबस्था, यत्रतत्र सडक खन्ने काम, जोखिम क्षेत्रमा बसोवास, अव्यवस्थित शहरीकरण, डढेलो तथा अव्यवस्थित वन, प्लटिङ्ग, प्राकृतिक सम्पदाको दोहन, जलवायु परिवर्तन, बहुप्रकोपको प्रभाव र चेतनाको अभावले मनसुनजन्य विपद् लाई बढावा दिइरहेको विज्ञहरूले औँल्याएका छन्।

यसवर्ष मुलुकभर नै सरदरभन्दा बढी पानी पर्ने अनुमान गरिसकिएको छ । त्यसमध्ये पनि उच्च हिमाली र पहाडी जिल्ला बढी पानी पर्ने आँकलन छ। यसपालि मनसुनका बेला १८ लाख बढी मानिस प्रभावित हुने अनुमान गरिएको छ । यसपालि प्राधिकरणले नौ जिल्लाका ३६ पालिकामा प्रभावमा आधारित मनसुन पूर्वसूचना प्रणाली प्रयोगमा ल्याउन लागिएको जनाइएको छ । यस्तै शहरी क्षेत्रका १५५ खुला स्थान पहिचान गरिसकिएको छ । आपत्कालीन अवस्थामा मानिसलाई त्यहाँ व्यवस्थापन गरिने छ । विपद् प्रभावितको पुनःस्थापनका लागि निजी आवास पुनःनिर्माणको काम पनि जारी रहेको प्राधिकरणको भनाइ छ । यसअन्तर्गत १० जिल्लामा पहिलो किस्ताको रकम पठाइसकेको जनाइएको छ । आपत्कालीन अवस्थाका लागि परिचालन हुने स्रोत साधनको समेत व्यवस्था गरिएको तथा विषयगत मन्त्रालय र अन्य निकायको जिम्मेवारी पहिचान गरी सम्बन्धित समितिलाई परिचालन गरिएको प्राधिकरणको भनाइ छ।

सिँचाइ विभागका सिनियर डिभिजनल इन्जिनियर विष्णुदेव यादव बाढीको प्रभाव न्यूनीकरणका लागि तटबन्धलगायतका प्रभावकारी कार्यक्रम अपनाई बाढी तथा जोखिम न्यूनीकरणको कार्यक्रम जारी राखेको जानकारी दिनुभयो। बोरा तारजालीलगायतको भण्डारण शुरु भइसकेको छ । उहाँले सीमावर्ती क्षेत्रको बाँधका कारण तराईमा हुने डुबान आउन नदिन तयारी थालिसकिएको र भारतसँग समन्वय भइरहेको बताउनुभयो । उहाँले विगतको भन्दा क्षति न्यूनीकरण हुँदै गएको दाबी समेत गर्नुभयो।

नेपालमा यही जेठ २८ बाट भित्रिएको वर्षायाम आइतबारदेखि नै मुलुकभर फैलिसकेको छ। देशैभरि मनसुनी वायु रहेको छ। देशका धेरै स्थानमा मेघगर्जन/चट्याङ्गसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ। प्रदेश नं १, प्रदेश २, वाग्मती, गण्डकी प्रदेश तथा लुम्बिनी प्रदेशका एक-दुई स्थानमा भारी वर्षाको समेत सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाकी विभूति पोखरेल मनसुन मुलुकभर नै सक्रिय भएकाले केही ठाउँमा भारी वर्षाको सम्भावना रहेको हुँदा सतर्कता अपनाउनु सुझाव दिनुहुन्छ।

खानी तथा भूगर्भ विभागका महानिर्देशक राजेन्द्र भण्डारी विश्वकै अग्लोदेखि निकै होचो भूभागसमेत नेपालमा रहेकाले पनि मनसुनजन्य विपद्बाट नेपाल उच्च जोखिममा रहेको जानकारी दिनुभयो। नेपालमा गत वर्ष ४०० भन्टा बढी क्षेत्रमा पहिरो गएको थियो। धेरै बढी गण्डकी प्रदेशमा गएको देखिएको छ। यो क्षेत्र बढी पानी पर्न सक्ने क्षेत्र पनि रहेको उहाँले बताउनुभयो । विभागले गत वर्ष १०० भन्दा बढी पहिरो हेरेर अध्ययन गरेर गृहमा प्रतिवेदन बुझाएको जानकारी दिनुभयो।

गृह मन्त्रालयका सहसचिव गोविन्द रिजाल विपद्को समयमा धनजनको क्षति रोक्ने र आवश्यक राहत तथा पुनःस्थापन कार्यक्रम नै प्रमुख रहेको जानकारी दिँदै सबै मिलेर पूर्वतयारी र प्रतिकार्यका योजनामा लाग्नुपर्नेमा जोड दिनुभयो। गृहको निर्देशनअनुसार सबै जिल्लाले आवश्यक प्रतिकार्य योजना तयार गरी लागू भइसकेको उहाँले जानकारी दिनुभयो। आवश्यक स्रोत सामग्री ठाउँठाउँ पुऱ्याउने कार्य पनि जारी राखिएको छ। रिजालले भन्नुभयो, "यसपालि राहत वितरणमा रकमको अभाव नहुने गरी व्यवस्था मिलाएको छ।"

रिजालले अन्य विभिन्न साना ८५ वटा खोलामा समेत पूर्वसूचना प्रणाली राख्न निर्देशन दिइसकिएको बताउनुभयो। कुल १९७ स्थानमा खोलाको सतहबारे सूचना दिने गरी व्यवस्था मिलाइएको छ । आज भएको प्रतिकार्य योजनासम्बन्धिको भर्चुअल बैठकमा समेत प्राधिकरणले विशेष सावधानी अपनाउन आम नागरिकमा अनुरोध गरेको छ।



रूखमाथि घरमा सर्वसाधारणः
तनहुँको म्याग्दे गाउँपालिका-२, ज्यानटाङ सामुदायिक वनमा रूखमाथि निर्माण गरिएको घरमा सर्वसाधारण। निषेधाज्ञाका बीचमा पनि यो ठाउँले पर्यटक आकर्षित गरेको छ। तस्बिर :रासस

# ट्र्याक खोलेको ४३ वर्षपछि कालोपत्र गरिँदै

पोखरापत्र संवाददाता
तनहुँ, ३१ जेठ

प्रसिद्ध धार्मिकस्थल जाने छाब्दी मार्गदेखि उत्तरतर्फ रहेको चारकुने-भद्रुडाँडा, मुसेखोला हुँदै पृथ्वीराजमार्ग जोडिने ट्र्याक खोलेको करिब ४३ वर्षपछि कालोपत्रको शुरुआत गरिएको छ।

व्यास नगरपालिका-१ चार कुनेस्थित छाब्दी मार्गबाट राजमार्ग जोडिने सडक सदरमुकाम दमौलीबाट करिब डेढ किलोमिटरको दूरीमा रहे पनि बत्तीमुनिको अँध्यारो जस्तै बन्दै आएको थियो। विसं २०३५ मा ट्र्याक खोलिएको सो मार्गको दूरी करिब पाँच किलोमिटर रहेकाले पक्की नालासहित कालोपत्र गर्न शुरु भएपछि स्थानीयबासी खुशी भएका छन् । हिउँदमा धुलो र वर्षायाममा हिलोले सास्ती खेप्नुपरेको चारकुनेबासीले त्यसको अन्त्य हुने विश्वास गरेको स्थानीयवासी एवं नेकपा एमाले केन्द्रिय सदस्य प्रतापलाल श्रेष्ठले बताउनुभयो । उक्त मार्गमा कालोपत्र गर्न रु १५ लाख बजेट निकासाका लागि केन्द्रिय सदस्य श्रेष्ठले महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको थियो। "यो मार्ग पहिल्यै कालोपत्रका लागि शुरुआत हुनुपर्ने हो", उहाँले भन्नुभयो, "जनप्रतिनिधिले चासो दिएर काम नगरिदिँदा अलपत्र बन्दै आएको थियो।" हाल कालोपत्र गर्न लागिएको सडकमा आधारभूत स्वास्थ्य कार्यालय भवन निर्माण गरी वडा कार्यालयलले सेवा प्रवाह गर्दै आएको छ । वडा कार्यालयको भवन निर्माण कार्य अन्तिम चरणमा रहेकाले केही समयका लागि वडा कार्यालयले स्वास्थ्य कार्यालयको भवन प्रयोग गरेको हो । "वडा तथा स्वास्थ्य कार्यालयसम्म नगरपालिकाले चासो देखाउनुपर्ने हो तर देखाएनन्", श्रेष्ठले भन्नुभयो, "गण्डकी प्रदेशका आन्तरिक मामिला तथा कानूनमन्त्रीसँग भनेर बजेट ल्याएको हूँ।" उक्त मार्गमा २२६ मिटर नालामध्ये हाल १०७ मिटर सम्पन्न भइसकेको चारकुने टोल विकास संस्थाका अध्यक्ष एवं भद्रु मार्ग निर्माण समितिका संयोजक राजेन्द्र श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार नाला निर्माणका लागि वडा कार्यालयले रु चार लाख बजेट विनियोजन गरेको छ। यस वर्ष कूल २३१ मिटर सडकमध्ये १०७ मिटर ग्रावेल र १२४ मिटर छ मिटर चौडाको कालोपत्र सडक हुनेछ। कालोपत्र गरिने क्षेत्रमा ग्रावेल बिच्छ्याएर रोलर लगाउने कार्य भइरहेको अध्यक्ष श्रेष्ठले बताउनुभयो। भद्रुमार्ग ग्रावेल तथा कालोपत्र गरेपछि व्यास-१ का बासिन्दालाई पृथ्वीराजमार्ग निस्कन सदरमुकाम दमौली हुँदै जानुपर्ने झन्झटको अन्त्य हुने भएको छ।

# विद्यालयका कक्षलाई प्रविधिसँग जोड्न माग

–पूर्णप्रसाद मिश्र
काठमाडौं, ३१ जेठ (रासस)

विद्यार्थीको दिवा खाजा र स्यानिटरीका बिनियोजित बजेट विद्युतीय प्रविधिबाट कक्षामा जोडिन आवश्यक उपकरण किन्न उपयोग गरिनुपर्नेमा जोड दिइएको छ।

सुशील कोइराला मेमोरियल फाउन्डेसनले अन्वेषण यात्राअन्तर्गत 'महामारीमा शिक्षा, चुनौती र रणनीति' विषयमा जुम प्रविधिबाट आयोजना गरेको भर्जुअल कार्यक्रमका सहभागी वक्ताले शिक्षकलाई प्रविधिमा दक्ष नबनाउँदा नयाँ भेरियन्टसहितको कोरोनाबाट बच्न जारी निषेधाज्ञाका बेला शिक्षा क्षेत्र अलमलमा परेको बताउनुभयो। कार्यक्रममा पूर्व सचिव ताना गौतमले संविधानमा शिक्षा र मानव अधिकार सम्बन्धमा गरिएका व्यवस्था कार्यान्वयन हुन नसकेको बताउनुभयो । हाल चलिरहेको अनलाइन कक्षामा विपन्न वर्गले पहुँच पाउन नसकेको उहाँले बताउनुभयो । निर्देशिका र कार्यविधि निकाल्दैमा सबैले शिक्षा पाए भन्ने नसोची अनुगमनमा जुट्न उहाँले सरोकार भएका निकायको ध्यानाकर्षण गराउनुभयो । नेपाल शिक्षक सङ्घका अध्यक्ष राजेन्द्रराज पौडेलले पहिलेदेखि नै शिक्षकलाई प्रविधिमा दक्ष नबनाउँदा अहिले विद्यार्थीलेसमेत समस्या भोग्नुपरेको गुनासो गर्दै शिक्षा क्षेत्रमा दीगो विकास लक्ष्य अनुसार काम हुन नसकेको बताउनुभयो। शिक्षकलाई प्रविधिमा दक्ष बनाउन २० हजार शिक्षकलाई प्रविधिसम्बन्धी तालिम दिएको सङ्घले जनाएको छ। अभिभावक युनियन नेपालका अध्यक्ष केशव पुरीले सरकारको ध्यान राजनीतिमामात्र केन्द्रीत हुँदा बालबालिकाले पाउने शिक्षाका बारेमा अभिभावक द्विविधामा रहेको बताउनुभयो । सरकारले ध्यान नदिँदा शिक्षा परिणाममुखी नभई परीक्षामुखी बन्दै गएको उहाँको भनाई थियो । एन प्याब्सनका महासचिव सुवास न्यौपानेले महामारीमा शिक्षा नै मुख्य आधार हुनुपर्नेमा त्यस्तो हुन नसकेको र सरकारले जारी गरेको निर्देशिका र कार्यविधि अनुसार काम नहुँदासमेत कसैले अनुगमन नगरेको बताउनुभयो।

अनलाइनबाट कतिले शिक्षा लिन सक्छन् भन्ने सूचनासमेत तीनै तहका सरकारसँग नभएकाले सही तथ्याङ्क सङ्कलनमा प्राथमिकता दिनुपर्नेमा कार्यक्रमका सहभागीले जोड दिएका थिए।

समाजशास्त्री राजेन्द्र कोइरालाले शिक्षामा राजनीतिको प्रभावले समस्या थपिँदै गएको बताउनुहुँदै शिक्षामा वर्गीय असमानता ठूलो प्रश्नवाचक चिह्नका रुपमा उपस्थित भएकामा कसैको ध्यान जान नसकेको सुनाउनुभयो । महामारीका कारण आएको सङ्कट शिक्षा क्षेत्र सुधारको अवसर बन्नुपर्ने उहाँको भनाइ थियो। फाउन्डेसनका सदस्य सचिव अतुल कोइरालाले शिक्षा क्षेत्रमा विनियोजन भएको बजेट कार्यान्वयन नहुने, नेतृत्वमा बौद्धिक गरिबीको शिकारसमेत शिक्षा क्षेत्र बन्न पुगेको बताउनुभयो। जन प्रशासन क्याम्पसका उपप्राध्यापक बाबुराम तिमल्सिनाले करिब ३० वर्ष चलेको संस्थात विद्यालय शुभतारा स्कूल बन्द भएकाले त्यसको अनुगमन कसले गर्ने हो भनी प्रश्न गर्नुभयो। सो विद्यालयको आठभन्दा तलका कक्षा बन्द गरेको उहाँले बताउनुभयो। मानव संसाधन बैङ्कको व्यवस्था गरी शिक्षा क्षेत्रमा आवश्यक दक्ष जनशक्ति व्यवस्थापन हुनुपर्ने कार्यक्रमका सहभागीको जोड थियो।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

हार्दिक श्रद्धाञ्जली



जन्मः
वि.स. १९९३/०४/१० गते

स्वर्गारोहणः
वि.स. २०७८/०२/२० गते

स्वः पूर्ण कुमारी कोइराला

यस श्रीपति कोइराला गुठीकी सक्रिय सदस्य पोखरा महानगरपालिका–९ महेन्द्रपुल निवासी **पूर्ण कुमारी कोइराला** को ८५ वर्षको उमेरमा असामयीक निधन भएकोमा हामी मर्माहत एवं स्तब्ध भएका छौं। उहाँको दिवंगत आत्माको बैकुण्ठवास एवं चीरशान्तिको कामना गर्दै आज १३ औं दिनको पुण्यतिथिमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवारजनप्रति यस दुःख र पिडाको कठिन घडीमा धैर्य धारण गर्ने शक्ति भगवानले प्रदान गरुन् भनी कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं।

लक्ष्मण प्रसाद कोइराला
अध्यक्ष तथा
श्रीपति कोइराला गुठी परिवार